बैठक संख्या-५ मिति: २०६२।०५।१५

आज मिति २०६२।०५।१५ गते मंगलवारका दिन धरान उप-महानगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलका निर्णयहरु गरियो।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत - धरान उप-महान.

आमन्त्रित:

श्री गणेश प्रसाद खतिवडा- व. प्रशासकिय अधिकृत

श्री खगेन्द्रप्रसाद खतिवडा- व. कर अधिकृत

श्री- सुरज श्रेष्ठ- व. इन्जिनियर

श्री- रमेश शाह- व. आन्तरिक लेखा परिक्षक

श्री- मेघराज अधिकारी - व. लेखा अधिकृत

श्री- राजु पोखरेल- इन्जिनियर

श्री- सुनील नेपाल- सामाजिक विकास अधिकृत-

निर्णयहरु:

निर्णय नं. १- कर्मचारी बढुवा सम्बन्धमा:- यस कार्यालयको मुखिया पदमा बढुवा हुनकालागि शैक्षिक योग्यता तथा सेवा-अवधि पुगेकाले, स्थानिय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ (४) अनुसार २०६२।०५।०१ देखि लागू हुने गरी यस कार्यालयमा कार्यरत (सहायक स्तर तेस्रो) श्री कन्चनराईलाई माथिल्लो पद (मुखिया वा सो सरह ~~...~~ बार खरिदार, सहायक स्तर चौथो) पदमा बढुवा गर्ने निर्णय गरियो।

निर्णय नं.-२- प्रोत्साहन रकम सम्बन्धमा: यस नगरपालिकाले स्थानीय रक्तदातालाई प्रोत्साहन गर्ने उदेश्यले रक्तदान गरेको संख्याको आधारमा रक्तदान गराउने संस्थालाई उपलब्ध गराउँदै आएको प्रोत्साहन रकमलाई चालु आर्थिक बर्ष देखि देहाय अनुसार कायम गर्ने गरी यसको कार्यालयको मिति २०६२भाद्र ६ गतेको टिप्पणी निर्णयलाई अनुमोदन गरियो।

| रक्तदाता संख्या | साबिकको रकम | प्रस्तावीत रकम |
|---|---|---|
| (क) १ देखि २५ सम्म | रु २,०००।- | रु २,५००।- |
| (ख) २६ देखि ५० सम्म | रु २,५००।- | रु ३,५००।- |
| (ग) ५१ देखि ६५ सम्म | रु ३,०००।- | रु ४,५००।- |

क्रमस . . .

| | | | |
|---|---|---|---|
| (घ) | ६६ देखि १०० सम्म | रु ४,०००।- | रु ६,०००।- |
| (ङ) | १०० देखि ५०० सम्म | रु ५,०००।- | रु ७,५००।- |
| (च) | ५०१ देखि माथि | रु ५,०००।- | रु १०,०००।- |

निर्णय नं. ३ → अख्तियारी प्रदान गर्ने सम्बन्धमा →

धरान उपमहानगरपालिका र धरान उपमहानगरपालिका वडा नं. ३ स्थित राधाकृष्ण मन्दिर समिति बीच जग्गा किचलो जालसाज तथा घर हटाई जग्गा खाली गराई पाउँ भन्ने विषयमा चलेको मुद्दामा सम्मानित सर्वोच्च अदालतमा धरान उपमहानगरपालिका र राधाकृष्ण मन्दिर बिच २०६६।०४।२० मा आ-आफ्नो दावी छाडी मिलापत्र भएको र धरान उपमहानगरपालिकाको नाउँमा रहेको धरान ३ को कित्ता नं. २७३ को क्षेत्रफल ०-३-४ (तीन कठ्ठा चार धुर) जग्गा मध्ये राधाकृष्ण मन्दिर उत्तर तर्फ धरान उपमहानगरपालिकाको सपिङ कम्प्लेक्सको पुर्व पट्टिको दिवालबाट उत्तर दक्षिण ६६ फिट चौडाई, ६६।६६ फुट पुर्व पश्चिम लम्बाई हुनेगरी ०-०-२½ (अढाई धुर) जग्गा राधाकृष्ण मन्दिरको नाउँमा पास गरिदिने र राधाकृष्ण मन्दिरबाट धरान उपमहानगरपालिकाको सपिङ कम्प्लेक्स निर्माण भएको जग्गा धरान उपमहानगरपालिकाको नाउँमा कायम गर्ने मिति २०६८।०८।२६ गतेको बोर्डबाट नि. सु. श्री डम्बर विश्वकर्मालाई अख्तियारी दिइएकोमा नीज बिरामी भई सो काम गर्न नसकेको र हाल सेवा त्याग गरी मृत्यु समेत भएकाले उक्त कार्य गर्न अख्तियारी जिन्सी उपशाखाका श्री रमेश राई लाई दिने निर्णय गरियो ।

निर्णय नं- ४ सि. टि. सफारी (ई- रिक्सा) दर्ता सिफारिस सम्बन्धमाः-

धरान उपमहानगरपालिकाको क्षेत्रमा सिटि सफारी (ई- रिक्सा) संचालन गर्न दर्ताको लागि सिफारिस पाउँ भनी पर्न आएका निवेदनहरूका सम्बन्धमा धरानमा सिटि सफारी संचालन गर्न दिनु हुदैन भनी पहिले देखि शहरी क्षेत्रमा सेवा पुर्‍याउदै आएका टेम्पु तथा रिक्सा सँग सम्बन्धित व्यवसायीहरूबाट केहि विरोध समेत आएकाले सो सम्बन्धी सरोकारवालाहरू संग छलफल तथा सहमती कायम गरी सिटि सफारी संचालनको रुट समेत सिफारिस गर्न मिति २०६८।०३।१८ गतेको सर्वदलिय तथा सर्व—

पक्षिय भेलाले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, कोशी अञ्चल समन्वय समितिका सचिव श्री शंकर घिमिरेज्यू को संयोजकत्वमा गठित समितिले मिति २०७२।४।६ गते बुझाएको प्रतिवेदन मिति २०७२।०५।०३ गते बसेको सर्वदलिय बैठकमा पेश भई अनुमोदन समेत भै सकेकाले सो प्रतिवेदनमा उल्लेखित तपसिलको सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) धरानमा विगतदेखि संचालन भई रहेका टेम्पु तथा रिक्साका रुटहरुमा कुनै असर नपर्ने गरी 'ख' नं. मा उल्लेखित रुटहरुमा संचालन गर्ने गरी यस आर्थिक वर्षमा ८० वटामा ई. रिक्सा दर्ताको सिफारिस गर्ने ।

(ख) ई रिक्सा संचालन हुने रुट समितिले सिफारिस गरेका तपसिलका अनुसार हुनेछन् :-

अनुसूची-१

| क्र.सं. | देखि | सम्म | कैफियत |
|---|---|---|---|
| १ | शिखर टोल, धरान १ . | शान्तिपथ (पुलपारी), धरान-७ | |
| २ | भागवत मार्ग, धरान २ | काठेपुल, धरान १५ | गोर्खा वो.ई. |
| ३ | शान्तिपथ, धरान ७ | चेम्जोङ पथ, धरान १५ | |
| ४ | बिद्युतप्राधिकरण मार्ग, धरान १६(पुलछेउ) | भागवत मार्ग, धरान २ | |
| ५ | यलम्बर पार्क, धरान १९ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| ६ | विष्णुचोक, धरान ११ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| ७ | विष्णुचोक, धरान ११ | चतरालाईन, धरान १२ | |
| ८ | सिमाना चोक, धरान ११ | बगैंचालाईन, धरान ९ | |
| ९ | संगमचोक, धरान ११ | भागवत मार्ग र कभर्डहल | |
| १० | सृजना चोक, धरान ११ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| ११ | गणतन्त्र चोक/ ईस्कोन मन्दिर, धरान १६ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| १२ | वडा समिति कार्यालय, धरान १७ | आचार्यलाईन, धरान ९ | |
| १३ | प्रगति चोक, धरान ११ | बगैंचा चोक, धरान ९ | |
| १४ | डण्टल गेट, धरान १८ | बगैंचा चोक, धरान ९ | |
| १५ | डण्टल गेट, धरान १८ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| १६ | हरीयालि सामुदायिक वन, धरान १९ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| १७ | देउराली चोक, धरान २३ | शान्तिपथ, धरान ७ | |
| १८ | तीनकुने, धरान ८ | घोपा क्याम्प तल्लो गेट, धरान १९ | |
| १९ | स्कुल डांडा, धरान २३ | लांघाली चोक, धरान १५ | |
| २० | सरस्वती चोक, धरान २४ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| २१ | शीव मन्दिर, धरान १२ | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| २२ | टेम्के चोक, धरान | कभर्ड हल, गौतम पथ , धरान ९ | |
| २३ | देवकोटा चोक, धरान | शान्तिपथ, धरान ७ | |
| २४ | शान्तिचोक, धरान ११ | पब्लिक उ.मा.वि., धरान १२ | |

(ग) आगामी वर्षमा ई-रिक्साको संख्या तथा रुट थप गर्नु परेमा साथै भाडादर निर्धारण सम्बन्धमा सिफारिस समितिले सिफारिस गरे अनुसार तपसिल अनुसारको समिति गठन गर्ने समेत निर्णय गरियो ।

(अ) धरान उपमहानगरपालिकाका प्रतिनिधी- संयोजक
(आ) कोशी टेम्पो सिण्डिकेटका अध्यक्ष- सदस्य
(इ) धरान टेम्पो व्यवसायी संघ- अध्यक्ष- सदस्य
(ई) जनसेवा यातायात समिति अध्यक्ष- सदस्य
(उ) धरान टेम्पो व्यवसायी समिति अध्यक्ष- सदस्य
(ऊ) सिटि सवारी व्यवसायी संघ- अध्यक्ष- सदस्य
(ए) रिक्सा व्यवसायी संघको प्रतिनिधी - सदस्य
(ऐ) नेपाल यातायात व्यवसायी रा.म.स. सदस्य
(ओ) कोशी अञ्चल समन्वय समिति प्रतिनिधि- सदस्य

(घ) अलग-अलग प्रकृतिका सवारी साधन रनयाँ तथा पुराना बिच विवाद उत्पन्न भएमा वा कुनै समस्या आएमा समाधान गर्ने तपसिलको समिति गठन गर्ने समेत निर्णय गरियो ।

(अ) श्री राम तामाङ - टेम्पो संस्थाको प्रतिनिधी- संयोजक
(आ) श्री सुदर्शन श्रेष्ठ- ई-रिक्साको प्रतिनिधी- सदस्य
(इ) श्री अशोक राई- टेम्पो संस्थाको प्रतिनिधी- सदस्य
(ई) श्री विवेक श्रेष्ठ- " " " "
(उ) श्री हिमाल श्रेष्ठ- " " " "
(ऊ) श्री पदम वर्देवा - रिक्साको प्रतिनिधी- सदस्य

आजको बोर्ड बैठक बिहान १०:०० बजे समापन गरियो ।

माइन्युटकर्ता- अजितराज शर्मा - ९८६९५७५